# सिन्धुली जिल्ला अदालतबाट जारी भएको

# सूचना

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण नेपालमा पनि तिव्र गतिमा बढिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७८।०१।०६ मा जारी गरेको जनस्वास्थ्य सम्बन्धी मापदण्ड सहितको आदेश तथा नेपाल सरकारका सम्बद्ध निकायबाट जारी भएका सूचना समेतका आधारमा अदालतहरुबाट सम्पादन हुने काम कारवाही र प्रवाह हुने सेवामा संकुचन गर्ने सम्बन्धको सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी प्रेस विज्ञप्तीलाई मार्गदर्शनको रुपमा लिई स्थानीय परिस्थिति एवं जोखिमको अवस्थालाई मध्यनजर गरी अर्को निर्णय नभए सम्म २०७८ वैशाख १९ गते देखी २०७८ वैशाख मसान्त सम्मका लागि सेवा प्रवाहमा संकुचन ल्याउने सम्बन्धमा यस अदालत र जिल्ला वार तथा सरकारी वकील कार्यालय समेतको संलग्नतामा मिति २०७८।०१।१७ गते छलफल गरी देहाय बमोजिम गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>देहायः-</u>

१. २०७८ साल वैशाख १९ गते देखी २०७८ साल बैशाख मसान्तसम्म यस अदालतमा बन्दीप्रत्यक्षीकरण तथा मुद्दा फिर्ता र मिलापत्र बाहेक अन्य मुद्दा दर्ता र सुनुवाई नगर्ने ।

२. कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अविधिका मुद्दा, रिट तथा निषेधाज्ञामा रहेको हदम्याद, म्याद, तारेख नगुज्रिने ।

३. अभियोग दर्ता, बयान, थुनछेक, पक्राउ अनुमति, म्याद थप, CDR अनुमति कार्य नियमित रुपमा गर्ने ।

२०७८।१।१६